सुदूरपश्चिम विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय

**स्नातक तह आठौं सेमेस्टरको मौका परीक्षा (Chance Exam) Online परीक्षा आवेदन फाराम प्रविष्टि गर्ने सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मिति : २०८३ । ०६ । ०१ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (संशोधन सहित २०७९) परिच्छेद ४ को नियम ४.१.६. मा "सेमेस्टर परीक्षा प्रणाली अन्तर्गत स्नातक तह आठौं सत्रको परीक्षामा बढीमा २ (दुई) विषयमा मात्र अनुत्तीर्ण भएका तर अन्य सम्पूर्ण अगिल्ला सेमेस्टरका परीक्षाहरू उत्तीर्ण गरेका" विद्यार्थीहरूले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार ***सैद्धान्तिक परीक्षामा बढीमा दुई विषयमा*** मात्र **अनुत्तीर्ण** भएका विद्यार्थीहरूले सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०८३ सालमा संचालन हुने स्नातक तह मानविकी तथा सामाजिक शास्त्र सङ्काय, शिक्षाशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय (विविए/विविएस), विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत **आठौं** सेमेस्टरको मौका परीक्षा दिने परीक्षार्थीहरू स्वयम्ले यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal** मा **Login** गरी या **www.exam.fwu.edu.np** मा **login** गरी **२०८३/०६/१५ गते** सम्म अनिवार्यरुपमा निम्नानुसार आ-आफ्नो विवरण प्रविष्टि गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरू मात्र भर्नु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।

२. यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal** मा **Click** गरी **Login** गर्ने या **www.exam.fwu.edu.np** मा गई **Login** गर्ने । **Login** गर्नको लागि **User Name** मा आफ्नो **रजिष्ट्रेसन नम्बर** राख्ने र **Password** मा आफ्नो **जन्म मिति** राख्ने । यसरी पहिलो पटक **Login** गरेपछि विद्यार्थीले अनिवार्यरुपमा **Password Change** गर्नु पर्नेछ । यसरी **Password Change** गर्नको लागि **Current Password Box** मा सोही **Password** (जन्म मिति) राख्ने, **New Password Box** मा नयाँ **Password** राख्ने र **New Password Confirm Box** मा नयाँ राखेको **Password** पुन: राखेर **Save Changes** मा **Click** गर्ने । यसरी **Password Change** गरिसकेपछि पुन: रजिष्ट्रेसन नम्बर र नयाँ परिवर्तन गरेको **Password** राखी **Login** गर्नु पर्ने छ ।

३. त्यसपछि पेजको दायाँपट्टी देखिने पहिलो बक्समा विद्यार्थीले पासपोर्ट साइजको दुवै कान प्रष्ट देखिने गरी Background क्लियर भएको फोटो र दोस्रो बक्समा लाइन नभएको सेतो कागजमा हस्ताक्षरको बढिमा 2MB को **.jpg वा .png file Upload** गर्ने ।

४. पेजको बायाँपट्टी **Dash board** मा रहेको **Exam forms** मा या **Pencil (✏)** जस्तो देखिने चित्रमा **Click** गरेर आफूले फाराम भर्ने सङ्काय, तह, समेस्टर र परीक्षा वर्ष लेखेको समूह (Exam Schedule) को दायँपट्टी रहेको **Pay Rs 800** मा **Click** गर्ने ।

५. त्यसपछि शुल्क भुक्तानिको लागि तलपट्टी रहेको खल्ती **Khalti App** वा **Connect IPS** वा **eSewa** को चित्र **(Icon)** मा **Click** गर्ने र आफ्नो **Khalti/Connect IPS/eSewa** को **ID/Username** र **Passsword** राखी **Submit** मा **Click** गर्ने ।

६. शुल्क भुक्तानी गरिसकेपछि सम्वन्धित सेमेस्टरका सबै विषयहरू देखिने छन् । विद्यार्थीहरूले आफूले परीक्षा दिने विषय Theory भए Theory को र Practical भए Practical मा र दुबै भएमा दुबै Column को **Check Box (☐)** हरूमा **Tick (☑)** गर्ने । (विषय छनोट गर्दा फरक विषयहरू छनोट गरेको खण्डमा परीक्षा दिन पाइने छैन । त्यसैले विषय छनोट गर्दा प्रत्येक विद्यार्थीहरूले आ-आफ्नो विभाग/क्याम्पसमा गएर विषय र कोड नम्बर अनिवार्य थाहापाउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।)

७. विषय छनोट गरिसकेपछि तलपट्टी रहेको **Submit Application** मा **Click** गर्ने ।

८. साधारण म्याद सकिएको ७ दिन भित्र दोब्बर दस्तुरसहित फाराम भर्न सकिनेछ ।

**नोटः क्याम्पस/विभागले** आ-फ्नो विद्यार्थीले भरेका प्रत्येक फारामहरू रूजु गरेर **Submit** गर्नु पर्नेछ ।

परीक्षा नियन्त्रक